# कटहरी गाउँपालिका

## कटहरी गाउँपालिकाको नगर प्रहरी व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, २०७८

### पहिलो संसोधन मितिः २०८०/०९/०१

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७८/०८/१७

**कटहरी गाउँपालिका, मोरङ**



देवराज चौधरी
अध्यक्ष

**कटहरी गाउँपालिका**

**"कटहरी गाउँपालिकाको नगर प्रहरी व्यवस्था गर्ने सम्बन्धी कार्यविधि २०७८"**

∆प्रस्तावना: कटहरी गाउँपालिका क्षेत्र भित्रका बस्ती समुदाय, बजार, सार्वजनिक सम्पति, संरचनाको नियमन, सुरक्षा, संरक्षण एवंम् गाउँपालिकाबाट जारी भएका नीति निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन कटहरी गाउँपालिकाले स्वीकृति गरेको दरबन्दीको अधिनमा रही गाउँ/नगर प्रहरीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि कटहरी गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "कटहरी गाउँपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि २०७८" रहेको छ ।

ख) यो कार्यविधि ÷स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२.परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ग) "कार्यविधि" भन्नाले "कटहरी गाउँपालिकाको करारमा नगर प्रहरी व्यवस्था सम्बन्धि कार्यविधि, २०७८" सम्झनुपर्दछ।

घ) "कार्यालय" भन्नाले कटहरी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ) "नगर प्रहरी" भन्नाले बुँदा नं. ३ (२) बमोजिम नगर प्रहरी सेवा उपलब्ध गराउने गरी व्यवस्था भएको कर्मचारी सम्झनुपर्दछ ।

च) "समिति" भन्नाले बुँदा नं. ५ बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।



CamScanner

परिच्छेद-२

## स्वीकृत दरबन्दी, योग्यता र परिक्षाको पाठ्यक्रम

३. कार्यविधि लागू हुने सेवा क्षेत्र :(१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) बमोजिम कर्मचारी करारमा राख्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

(२) नगर प्रहरीका देहायका पदहरुको दरवन्दी देहाय अनुसार रहनेछ ।

क) नगर प्रहरी हवल्दार, तृतीय तह -१

ख) नगर प्रहरी जवान, श्रेणी विहिन -६ (न्यूनतम २ जना महिला सहित)

४. योग्यताः देहायका नगर प्रहरी पदका लागि न्युनतम योग्यता देहाय अनुसार हुनेछ ।

क) नगर प्रहरी हवल्दारको योग्यताः

- नेपाली नागरिक भएको,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको । नेपाल सेना, जनपद वा शसस्त्र प्रहरीको समान पदबाट सेवा निवृत भएकाको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिनेछ ।
- ∆ उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, नेपाल सेना, जनपद प्रहरी वा शसस्त्र प्रहरीबाट अवकाश भएकाको हकमा ४५ वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र भएको,
- सम्बन्धित वडा प्रहरी कार्यालय वा वडा कार्यालयबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
- छोटो दौड १०० मिटर दुरी र लामो दौड १ कि.मि. को दुरी समितिले निर्धारण गरेको समय अवधीमा पार गर्नुपर्नेछ ।

कटारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटारी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष

ग) नगर प्रहरी जवानको योग्यताः

- नेपाली नागरिक भएको,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट आठ कक्षा/आधारभूत तह वा सो सरह उत्तीर्ण गरेको,
- Δ उमेर १८ वर्ष पूरा भई ३५वर्ष ननाघेको, नेपाल सेना, जनपद प्रहरी वा शसस्त्र प्रहरीबाट अवकाश भएकाको हकमा ४५ वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र भएको,
- सम्बन्धित वडा प्रहरी कार्यालय वा वाड कार्यालयबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
- छोटो दौड १०० मिटर दुरी र लामो दौड १ कि.मि. को दुरी समितिले निर्धारण गरेको समय अवधीमा पार गर्नुपर्नेछ ।

५. पदपूर्ति समितिः नगर प्रहरीका विभिन्न पदहरुमा करार सेवामा लिन देहाय अनुसारको पदपूर्ति समिति रहनेछः

क. प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख अधिकृत स्तरको कर्मचारी - सदस्य

ग. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

अन्य सदस्य तथा कर्मचारीहरु गाउँपालिकाको निर्णयानुसार हुनेछन ।

५.१ Δ अन्तरवार्ता तथा सूचीकरण समितिः पदपूर्ति समितिका संयोजक वा संयोजकले तोके बमोजिम हुनेछ ।

५.२ परिक्षाको पाठ्यक्रमः

क. नगर प्रहरी हवल्दार तथा नगर प्रहरी जवानको पाठ्यक्रम अनुसूची ६ मा उल्लेख भए बमोजिम हुनेछ ।

देवराज चौधरी
अध्यक्ष

# परिच्छेद-३
## छनौट सम्बन्धि व्यवस्था

६. छनौट सम्बन्धि व्यवस्था:

नियम (३) बमोजिमका नगर प्रहरी कर्मचारीहरु कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचीकरण(short list) तथा छनौट (selection) सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

१. नगर प्रहरी कर्मचारी अनुसूची-१ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवाशर्त समेत तोकी स्थानीय स्तरका दैनिक पत्रिका, गाउँपालिकाको facebook page, website साथै कार्यालयको सूचना पाटीमा अनुसूची-२ बमोजिमको ढाँचामा कम्तिमा १५ (पन्ध्र) दिनको समय उपलब्ध गराई आवेदन आव्हानको सूचना प्रकाशन गर्नु पर्नेछ ।

२. आवेदन फारमको नमूना अनुसूची-३ बमोजिम हुनेछ । आवेदन दस्तुर गाउँपालिकावाट निर्धारण भए बमोजिम हुनेछ ।

३. उप बुँदा नं. (२) बमोजिम पर्न आएका आवेदनहरु उपर तोकिए अनुसार शारीरिक तन्दुरुस्ती परिक्षण तथा छनौट परिक्षाका लागि परिक्षा तालिका, मिति, समय र स्थान पदपूर्ति समितिले तोके अनुसार हुनेछ । सो परिक्षणमा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र लिखित परिक्षा तथा अन्तरवार्तामा सहभागी गराइने छ ।

क) Δ शारीरिक परिक्षण: शारीरिक तन्दुरुस्ती परिक्षण तथा छनौट परिक्षाका लागि नेपाल प्रहरीका प्र.ना.नि वा प्रहरी सहायक निरीक्षक कर्मचारी-१, कटहरी गाउँपालिकाबाट प्रशासन शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुखको सहभागितामा ३ सदस्यीय उप-समिति रहनेछ । शारीरिक तन्दुरुस्ती परिक्षण तथा छनौट परिक्षा तोकिए अनुसार सम्पन्न गरी सोको नतिजा पदपूर्ति समितिलाई सिफारिस गर्नेछ । अन्य व्यवस्था पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ । शारीरिक परिक्षणमा उत्तिर्ण हुने प्रत्येक उम्मेदवारलाई २० अंक प्रदान गरिने छ तर आधारहरु सबैमा भने उत्तीर्ण भएको हुनुपर्छ । शारीरिक परिक्षण उत्तीर्ण गरे पश्चात मात्र देहाय बमोजिम मुल्यांकन गरी उम्मेदवारहरुलाई लिखित परिक्षामा समावेश गरिनेछ ।

ख) शारीरिक परिक्षणमा उत्तिर्ण उम्मेदवार कटहरी गाउँपालिकाको बासिन्दा भएमा १० (दश) अंक, सम्बन्धित जिल्लाको बासिन्दा भएमा ५ (पाँच) अंक र अन्य जिल्लाको भएमा शून्य अंक प्रदान गरिनेछ ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष

CamScanner

ग) लिखित परिक्षाः १०० पूर्णाङ्क र उत्तीर्णाङ्क ४० अंक ।लिखित परिक्षाको लागि पदपूर्ति समितिले १०० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत ८० पूर्णाङ्क र विषयगत २० पूर्णाङ्कको प्रश्नपत्र तयार गरी लिखित परिक्षा संचालन गर्नु पर्नेछ ।

घ) अन्तरवार्ताः अन्तरवार्ताको लागि पूर्णाङ्क २० रहनेछ ।यस अनुसार अंक प्रदान गर्दा न्युनतम ४०% (चालिस प्रतिशत) र अधिकतम ७०% (सत्तरी प्रतिशत) को सिमा भित्र रही प्रदान गर्नु पर्नेछ । सोभन्दा अत्यन्तै उच्च एवं न्यून क्षमता भएका उम्मेदवारका हकमा कैफियत अंक प्रदान गर्न सकिनेछ ।

छनौट परिक्षमा उत्तीर्ण उम्मेदवारहरुको देहायका आधारमा कुल अंक गणना गरी नतिजा प्रकाशन क्रमांक निर्धारण गरी हुनेछ,

क)शारीरिक तन्दुरुस्ती -२०
ख)स्थानीय बासिन्दा वापतको अंक– १०
ग) लिखित परिक्षामा प्राप्त गरेको अंक– १००
घ) अन्तर्वार्तामा प्राप्त गरेको अंक– २०

## परिच्छेद-४
## नतिजा प्रकाशन तथा करार सम्बन्धी व्यवस्था

७. अन्तरवार्ता तथा सूचीकरण समितिः (१) यस कार्यविधिको बुँदा नं. ५.१ अनुसार अन्तरवार्ता समितिको गठन हुनेछ, अन्तिम नतिजा प्रकाशनको कार्य पदपूर्ति समितिले गर्नेछ । (२) समितिले यस कार्यका लागि आवाश्यकता अनुसार अन्य विज्ञ वा कर्मचारीलाई आमन्त्रण एवंम् परिचालन गर्न सक्नेछ ।

८. सूचीकरणको विवरण प्रकाशन गर्नेः

(१) बुदा नं. ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु बुँदा नं. ५ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्वर, नाम, थर, ठेगाना समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचीकरणको विवरण प्रकाशन गर्नेछ ।

देवराज चौधरी
अध्यक्ष

(२) उपबुँदा नं. (१) बमोजिम सूचीकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ । तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सूचीकरण गर्न सकिनेछ ।

(३) उपबुँदा नं. (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराउनु पर्नेछ ।

९. करार गर्ने: (१) कार्यालयले सूचीकृत गरेका मुख्य उम्मेदवारलाई न्यूनतम ७ (सात) दिन र बढीमा १५ (पन्ध्र) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ । (२) उपबुँदा नं. (१) बमोजिमको अवधि भित्र करार सम्झौता गर्न आउने सूचीकृत उम्मेदवार सँग कार्यालयले अनुसूची-१ बमोजिमको कार्य विवरण सहित अनुसूची-४ बमोजिमको ढाँचा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमश: वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपबुँदा नं. (२) बमोजिम करार गरे पश्चात अनुसूची-५ बमोजिमको नमुना पत्रानुसारको करार पत्र कार्यालयले दिनुपर्नेछ ।

(४) उपबुँदा नं. (२) बमोजिम कार्यालयले कार्यविवरण दिँदा विषयगत शाखा समेत तोकी काममा लगाउन सक्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको आसार मसान्त सम्मका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्य प्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधि हेरी करार अवधि घटाउन सक्नेछ । करार अवधि समाप्त भएपछि म्याद थप सम्बन्धमा गाउँपालिकाको निर्णयानुसार हुनेछ ।

(६) उपबुँदा नं. (५) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुन:अर्को वर्षकोलागि सेवा करारमा लिनु परेमा निजको कार्यको मूल्यांकनका आधारमा गरिने छ ।

(७) कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुन:करार गरी काम गर्ने अवसर दिइनेछैन ।

देवराज चौधरी
अध्यक्ष



CamScanner

## परिच्छेद - ५

## शर्त, पारिश्रमिक र अवधि

१०. कार्य शर्त, पारिश्रमिक र अवधिः

१) Δ यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरीको पारिश्रमिक, सेवा, सुविधा र तलब नेपाल सरकारले तोकेको न्युनतम तलबमान बमोजिम तलब भुक्तानी गर्नु पर्नेछ ।

२) कार्यालयले करारका कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिना भरी गरेको हाजिरी प्रतिवेदन सहित सम्वन्धित विषयगत शाखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

३) यस कार्यविधि बमोजिम कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।

४) उपबुँदा नं. (१) बमोजिम करार गर्दा काम शुरू गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधि एकपटकमा १ (एक) आर्थिक वर्ष भन्दा बढी हुनेछैन ।

## परिच्छेद- ६

## सजाय र पुनरावेदन

११. सजायः उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ

क. नसिहत दिने ।

ख. तलब बृद्धि रोक्का गर्ने ।

ग. तल्लो तहमा घटुवा गर्ने ।

घ. लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलब भत्ताबाट कट्टी गरी असुल गरिने ।

ङ. भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट बरखास्त गर्ने ।

च. भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गर्ने ।

देवराज चौधरी
अध्यक्ष

१२. नसिहत दिने: (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।
(२) उपदफा (१) बमोजिम वर्षमा ३ (तिन) पटक भन्दा बढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रकृया पुरा गरी सेवाबाट हटाईन्छ ।

१३. तलब वा बढुवा रोक्ने: नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

१४. तह र तलब घटाउने: (१) कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिम कसूर गरेमा निजलाई १ तह घटुवा भएको तहको तलब भत्ता उपलब्ध गराईनेछ ।

क. सन्तोजनक काम नगरेमा ।

ख. अनुशासनहिनता गरेमा ।

ग. आचरण सम्बन्धी ऐन उल्लंघन गरेमा ।

घ. गाउँपालिकाले दिएको आदेश निर्देश नमानेमा वा कार्यान्वयन नगरेमा ।

ङ. मनासिब कारण विना विदा स्वीकृत नगराई विदा बसेमा ।

च. तोकिए बमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा पुरा नगरेमा ।

१५. सेवाबाट हटाउने वा बर्खास्त गर्ने: (१) नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क. अयोग्यताको कारण आफनो पदीय जिम्मेवारी पुरा गर्न नसक्ने,

ख. राजनीतिमा भाग लिएमा,

ग. बारम्बार अनुशासनहिन काम गरेमा,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट प्रमाणित भएमा,

ङ. कार्यालय समयमा मादक पदार्थ सेबन गरी हिडेमा,

च. प्रचलित कानून बमोजिम भ्रष्टाचार जन्य कसुर गरेमा,



देवराज चौधरी
अध्यक्ष

छ. पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा,

ज. आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा,

१६. सजाय सम्बन्धी कार्यविधिः (१) प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउने आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न थालिएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो सफाई पेश गर्न आदेश दिँदा गराईएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्दछ । त्यस्तो प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीलाई तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पस्टिकरण पेश गर्नु पर्दछ ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस ऐन बमोजिमको ऐनको रीत पुर्याउनु पर्नेछ ।

१७. पुनारावेदन लाग्नेः दफा ११ बमोजिमको कारवाहीम चित्त नवुझेमा पैतिस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद – ७
## गाउँपालिका नगर प्रहरीको काम, कर्तव्य र अधिकार

१८. गाउँपालिका नगर प्रहरीको काम, कर्तव्य र अधिकारः

क) स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद-३ को दफा ११ को उपदफा '२' को बुदा 'क' मा तोकेका काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाईदिने । यसरी



देवराज चौधरी
अध्यक्ष

कटहरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

CamScanner

हटाउँदा लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्बन्धित व्यक्तिबाट असूल उपर गर्ने ।

२. गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारवाही गर्ने ।

३. सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोला नाला, ढल, चौक, पोखरी मिची कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको पाइएमा हटाउने । कसैले निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गरी प्रमुखको आदेश बमोजिम गर्ने ।

४. गाउँपालिका क्षेत्र अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका अध्यक्ष समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिए प्रमुखबाट भत्काउने आदेश दिएमा भत्काउने ।

५. गाउँपालिका क्षेत्र भित्र छाडा पशु पन्छीहरु पक्राउ गरी आदेश बमोजिम व्यवस्थापन वा लिलाम गर्ने, गराउने ।

६. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरीत सडेगलेका हानिकारक चिज वस्तु बिक्रि गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ गाउँपालिका अध्यक्ष समक्ष पेश गर्ने ।

७. रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्नका लागी अध्यक्ष समक्ष पेश गर्ने ।

८. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

९. खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।



देवराज चौधरी
अध्यक्ष

१०.वडा कार्यालय, टोल विकास समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाइ, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्न गराउन ।

११.गाउँ सभा, गाउँ कार्यपालिका बैठक, विभिन्न समिति, न्यायिक समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, ऐन र कानूनको कार्यान्वयन गर्ने ।

१२.गाउँपालिकाको सु-व्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

१३.विना ईजाजत पसल, व्यवसाय, उधोग वा कलकारखाना संचालन गरेको फेला परेमा तिनीहरुको दर्ता र नवीकरण गर्न लगाउने । विना ईजाजत मादक पदार्थको विक्री वितरण गर्न पसलहरु छानविन गरी तोकिए बमोजिम कारवाही गर्ने । साथै मादक पदार्थ सेवन गरी होहल्ला गर्ने व्यक्ति र पसलहरु कारवाही गर्ने ।

१४.गाउँपालिकाको क्षेत्रमा निषेधित भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने ।

१५.गाउँपालिकाबाट ईजाजत नलिई वा गाउँपालिकाको स्वीकृत वेगर व्यानर, होर्डिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा कारवाहीका लागि सिफारिस गर्ने ।

१६.गाउँपालिकाले संचालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, भेला, मेला, जात्रा आदि जस्ता कार्यक्रमहरुमा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम जिम्मेवारी निर्वाह गर्ने ।

१७.वजार अनुगमन गर्ने, नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्ने ।

१८.होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता व्यवसायीक गतिविधिहरुको निरिक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीको लागि पेश गर्ने । अवैध मदिराको बिक्री तथा वितरण र त्यसको सेवन गरेको पाइएमाआफ्नो गाउँपालिकामा जानकारी गराउने ।

१९.गाउँपालिका क्षेत्रभित्र सार्वजानिक स्थलमा जुवातास, पोटा, क्यारम बोर्ड, मादक पदार्थ सेवन तथा धुम्रपान सेवन लगायतका विकृति जन्य क्रियाकलापमा रोक



दिपराज चौधरी
अध्यक्ष

लगाउने तर जादु र सर्कस देखाउन गाउँ पालिकाको अनुमति लिए नलिएको जाँच गर्ने ।

२०.व्यवसायीहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने, हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरी पेश गर्ने । गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने ।

२१.अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन/प्रशारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा संचालनमा रोक लगाउने ।

२२.बजार क्षेत्रमा तीव्र गतीमा सवारी साधनहरु चल्न नदिने । गाउँपालिका क्षेत्रभित्र यातायातका साधन तथा मोटरसाइकल चालकले आफूसँग हुनु पर्ने कागजात नराखेको वा नभएको पाईएमा सवारी साधन तथा मोटरसाइकल आवतजावतमा रोक लगाउने ।

२३.गाउँपालिका क्षेत्र भित्रका निजि सुरक्षा गार्ड आपूर्ति व्यवसाय संचालन गर्न फर्म, कम्पनी संचालनहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२४.दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्न कार्यमा सहयोग पुर्याउने ।

२५.विपद्, महामारी भएमा खोजी, उद्धार तथा राहत तथा पुनर्स्थापनाका लागि आदेश बमोजिम तुरुन्त खटी जाने र तोकिएको कार्य गर्ने ।

२६.गाउँपालिका भित्रका शाखा, योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२७.गाउँपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२८.माथि तोकिए बमोजिमका कार्यहरुमा समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

२९.गाउँपालिकाले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने र गराउने ।

देवराज चौधरी
अध्यक्ष



CamScanner

## परिच्छेद-८

## करार समासी र बाधा अड्काउ फुकाउ

१९. करार समासी:

१) यस कार्यविधि बमोजिम करार गरिएको पद गाउँपालिका कर्मचारी नियमावली वा अन्य कुनै कानुन वा अन्य निर्णय बमोजिम पद नरहने वा खारेज हुने भएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ ।

२) करार सम्झौता गरिएको कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिश गरेमा प्रमुखले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सक्नेछ ।

२०. बाधा अडकाउ फुकाउः यो कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाबाट अनुमोद गराउने गरी गाउँपालिका अध्यक्षले बाधा अडकाउ फुकाउने आदेश दिन सक्नेछ ।

## परिच्छेद – ९

## विविध

२१. विविधः यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानुनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

देवराज चौधरी
अध्यक्ष

अनुसूची-१

कटहरी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय

कटहरी, मोरङ

कोशी प्रदेश, नेपाल

कार्य विवरणको नमुना :

कर्मचारीको नाम :

कर्मचारीको पद :

कार्य विवरण :

१.

२.

३.

४.

५.

६.

७.

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष

अनुसूची-२

# कटहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

## कटहरी, मोरङ

## कोशी प्रदेश, नेपाला

## करारमा सेवा लिने सम्बन्धी सुचना

(सुचना प्रकाशित मिति / / )

कटहरी गाउँपालिकाको लागि .............................(बिषयगत शाखा) मा रहने गरी ........................................................(पद) को रुपमा देहायको संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजे सम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य/विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा ........................................................बाट उपलब्ध हुनेछ।

| पद | नाम | संख्या |
|---|---|---|

शैक्षिक योग्यता र अनुभव(नमुना)

१. नेपाली नागरिक ।

२. न्युनतम योग्यता (पद अनुसार खुलाउने)।

३. अनुभवको हकमा (पद अनुसार खुलाउने)।

४. उमेर(पद अनुसार खुलाउने ) ।

५. निरोगिताको प्रमाणपत्र (मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित भएको) ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएमा ।

दरखास्तमा संलग्न गर्नुपर्ने: उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

देवराज चौधरी
अध्यक्ष

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अनुसुचि-३

## कटहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
## कटहरी, मोरङ
## कोशी प्रदेश, नेपाल
## करारको लागी दरखास्त फारम

(क) व्यक्तिगत विवरण

नाम थर(देवनागरिकमा):

अंग्रजी ठुलो अक्षरमा: लिङ्ग:

नागरिकता नं.: जारी गर्ने जिल्ला: मितिः

स्थानिय ठेगाना: क) जिल्ला: ख) गा.प/न.पा ग) वडा नं.:

घ) टोल: ङ) मार्ग/घर नं.: च) फोन नं.:

पत्रचार गर्ने ठेगाना: इमेल:

बाबुको नाम थर: जन्म मिति: (वि.स.मा) (इ.स.मा):

बाजेको नाम थर: हालको उमेर: वर्ष: महिना:

पति वा पत्नीको नाम थर

(ख) शैक्षिक योग्यता वा तालिम

| आवश्यक न्युनतम योग्यता | विश्व विद्यालय/ बोर्ड/तालिम दिने संस्था | उपाधि/तालिम | संकाय | श्रेणी | प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

(ग) अनुभव सम्बन्धि विवरण

(घ) कार्यालय : पदः सेवा/समुह/उप-समुह: श्रेणी तहः

स्थायी/अस्थाइ करार अवधि देखी सम्म

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन । दरखास्त बुझाएको पदको सूचनाको लागी अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको



देवराज चौधरी
अध्यक्ष

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

CamScanner

ठहरिएमा प्रचलित कानुन बमोजिम सहनेछु र बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानुन तथा यस दरखास्त फारमका पृष्टहरुमा उल्लेखित सबै सर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित सर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यलयमा निवेदन दिनेछु ।

उम्मेदवारको ल्याप्चे सहीछाप

| दायाँ | वायाँ |
|---|---|
| | |

उम्मेदवारको दस्तखत

मितिः

कार्यालयले भर्नेः

रसिद भैचर नं.: रोल नं.:

दरखास्त अस्वीकृत भए सो को कारण

दरखास्त रुजु गर्नेको नाम र दस्तखत

मितिः दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत

मितिः

द्रष्टव्यः दरखास्त साथ सूचनामा उल्लेखित निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि

(३) न्युनतम शैक्षीक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि तालिम र अनुभव आवश्यक परेमा सो समेतको प्रतिलिपि आदि ।

अनुसूचि-४

**कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ**

**करार सम्झौताको नमुना**

कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय (यसपछिपहिलो पक्ष भनिएको) र ........................................जिल्ला ..........................गाउँपालिका/न.पा. वडा नं.............बस्ने श्री ....................................(यस पछी दोश्रो पक्ष भनिएको) का बिच..कटहरी.......................... गाउँपालिकाको......नगर ........प्रहरी..........................................(पद) को कामकाज गर्न गराउन..........................................को निर्णय अनुसार देहायका कार्य र सर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकोले यो करारको सम्झौता गरी एक/एक/प्रति आपसमा बुझिलियौं दियौं ।

१. कामकाज सम्वन्धमाः दोश्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्यविवरण अनुसारको कार्य पहिलो पक्षले तोकिएको समय र स्थानमा उपस्तिथ भई गर्नु पर्नेछ र आवश्यक्ता अनुसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नु पर्ने स्थान....गाँउपालिका......भरी................

३. करारमा काम गरे वापत पाउने पारिश्रमिकः प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु........................(अक्षेरेपि रु................................पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. आचरणको पालनाः दोश्रो पक्षले कटहरी गाउँपालिकाको प्रचलित कानुनमा व्यवस्था भएका आचरण तथा अनुसाशन सम्बन्धि व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदाः दोश्रो पक्षलाई सार्वजानिक विदा वाहेक अन्य कुनै पनि किसिमको विदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागी आवश्यक परेको खण्डमा विदाको दिन पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजानिक विदाको दिनमा कार्यालयमा काम लगाए वापत सट्टा विदा दिन सकिनेछ ।वार्षिक रुपमा करारको समासिसंगै मासिक करार रकमको दामासाहीले रकम बाँकि विदा वापत दोश्रो पक्षलाई दिईनेछ ।

६. कार्यालय सम्पतिको सुरक्षाः दोश्रो पक्षले कार्यालयको चल अचल सम्पतिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानिनोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोश्रो पक्षले कार्यालयको कागजपत्र जिन्सी सामान एवंम गोप्य कुरा वा कागजात कुनै अंनाधिकृत व्यक्ति वा देश लाई उपलब्ध गराएको प्रमाणित भएमा दोश्रो



देवराज चौधरी
अध्यक्ष

पक्षलाई करार सेवाबाट हटाई सोवाट भएको हानि नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्ष वाट भराईनेछ र कालो सूचिमा समेत राखिनेछ ।

८. करार अवधिः यो करार मितिः........../......../.....देखि लागु भई मिति..................सम्मको लागी हुनेछ ।

९. कार्य सम्पादन मूल्याङ्कनः पहिलो पक्षले दोश्रो पक्षको कार्यसम्पादन मूल्याङ्कन गर्ने र सो मूल्याङ्कन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्याविधिको बुदा ९ बमोजिम करार निश्चित अवधिको लागी थप्न सकिन्छ ।

१०.पारिश्रमिक कट्टि र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ दिन भन्दा वढि उक्तसेवा उपलब्ध नगराएमा सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रामिक दमासाहिले कट्टा गरिनेछ र सो भन्दा वढि सेवा नगरेमा स्रोतः यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन। दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम संतोषजनक नभएमा वा आचरण सम्वन्धि कुराहरु वारम्वार उलङ्घन गरेमा दोश्रो पक्षसँगको सम्झौता रद्ध गर्न सकिनेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम गराउन वाधा पर्ने छैन।

११.दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदामा अस्थायी वा स्थायी नियुक्ति हुनका लागी दाबी गर्न पाउने छैन/गर्नेछैन ।

१२.प्रचलित कानुन लागु हुनेः यस सम्झौतामां उल्लेख नभएको कुरा प्रचलित नेपालको कानुन बमोजिम हुनेछ ।

<u>पहिलो पक्षको तर्फबाट</u>

हस्ताक्षरः

नामः

पदः

ठेगानाः

<u>दोश्रो पक्ष (करार गर्ने व्यक्ति)</u>

हस्ताकक्षरः

नामः

पदः

ठेगानाः

<u>रोहवरः</u>

१.

२.

मितिः २०७८ साल............महिना.........गते..........रोज शुभम

देवराज चौधरी
अध्यक्ष

अनुसूची-५

**कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

**कटहरी, मोरङ**

**कोशी प्रदेश, नेपाल**

च.नं.                                                                 मितिः

प.सं.

श्री.............................................

ठेगानाः..........................................

विषयः करार सम्बन्धमा ।

तपाईलाई मिति ................................ निर्णय अनुसार सुचिकरण गरिए बमोजिम ......................(पदको नाम वा काम) का लागी यसै साथ संलग्न करार (सम्झौता) बमोजिम मिति..........................देखि.......................सम्म करारमा राखिएको हुँदा संलग्न कार्य सर्त अनुरुप आफ्नो काम इमानदारि पूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नु हुन जानकारि गराइन्छ ।साथै आफ्नो काम कर्तव्य पालन गर्दा यस गाउँपालिकाको कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता र आचारणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

<u>बोधार्थ</u>

श्री ..........................................(आवश्कता अनुसार दिने)

..........................................

...............................

प्रमुख प्रशासकीय अधिकृत

देवराज चौधरी
अध्यक्ष

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अनुसूची-६

**कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

**कटहरी, मोरङ**

**कोशी प्रदेश, नेपाल**

१. नगर प्रहरी हवल्दार तथा नगर प्रहरी जवान छनोटका लागी लिने परिक्षाको पाठ्यक्रमः

क) शारीरिक तनदुरुस्ती परिक्षामा लिने ईभेन्टस शारीरिक तन्दुरुस्ती परिक्षा उप-समितिले निर्धारण गरे बमोजिम संचालन गर्नेछन ।

ख) पद पूर्ति समितिले नेपाल प्रहरीको लिखित परिक्षा प्रणाली र पाठ्यक्रममा आधारित भई यस कार्यविधिले तयार गरे बमोजिम हुनेछ ।

ग) अन्तरवार्ताः- अन्तरवार्ता उप-समितिले तोकिएको अनुसार हुनेछ ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

देवराज चौधरी
अध्यक्ष